भरतपुर खानेपानी व्यवस्थापन बोर्ड

भरतपुर, चितवन

भरतपुर खानेपानी व्यवस्थापन बोर्डमा
कार्यकारी निर्देशक पद,
को
नियुक्ति गर्दा अवलम्बन गरिने

कार्यविधि

२०७८

कार्यकारी समितिबाट स्वीकृत मिति : २०७८।...

"भरतपुर खानेपानी व्यवस्थापन बोर्डमा कार्यकारी निर्देशक नियुक्ति गर्दा अवलम्बन गरिने कार्यविधि, २०७८"

प्रस्तावना :

भरतपुर खानेपानी व्यवस्थापन बोर्डमा,कार्यकारी निर्देशक पद खुला प्रतिस्पर्धाबाट नियुक्ति गर्नको लागि तत्सम्बन्धी मापदण्ड, प्रक्रिया, कार्यविधि एवं मूल्याङ्कनका आधारहरु तय गर्न आवश्यक भएकोले, यो कार्यविधि तयार गरि जारी गरिएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यो कार्यविधिको नाम "भरतपुर खानेपानी व्यवस्थापन बोर्डमा खुला प्रतिस्पर्धाबाट कार्यकारी निर्देशकको नियुक्ति गर्न तयार गरिएको कार्यविधि, २०७८" रहेकोछ ।

(२) यो कार्यविधि भरतपुर खानेपानी व्यवस्थापन बोर्डको कार्यकारी समितिबाट स्विकृत भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा:

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले भरतपुर खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०६६ सम्झनु पर्छ ।

(ग) "बोर्ड" भन्नाले भरतपुर खानेपानी व्यवस्थापन बोर्ड सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले ऐनको दफा १० बमोजिम गठन भएको कार्यकारी समिति सम्झनु पर्छ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा १७ बमोजिम नियुक्त भरतपुर खानेपानी व्यवस्थापन बोर्डको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) "छनौट-समिति" भन्नाले यस कार्यविधिको दफा ४ मा उल्लेख गरिए अनुसारको कार्यकारी निर्देशक पदमा नियुक्तिको लागि योग्य उमेदवार छनौट गरी कार्यकारी समिति समक्ष सिफारिस गर्न बोर्डको कार्यकारी समितिले तोकेको छनौट-समिति सम्झनु पर्छ ।

३. कार्यकारी निर्देशक पदमा नियुक्तिको लागि आवश्यक योग्यता:

(१) देहायका व्यक्तिहरू कार्यकारी निर्देशक पदमा नियुक्तिको लागि योग्य मानिने छन् :-

(क) नेपाली नागरिक,

(ख) दरखास्त दिने अन्तिम मितिसम्म ४५वर्ष उमेर पुरा भई ६०वर्ष ननाघेको ।

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग, व्यवस्थापन,वित्त, वाणिज्यशास्त्र, कानुन, जनप्रशासन वा अर्थशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर स्तरको उपाधि हासिल गरेको वा उल्लेखित विषयहरुमा स्नातक उपाधि हासिल गरि कम्तिमा पनि तिन वर्षको व्यवस्थापकिय अनुभव भएको।

(घ) खानेपानी तथा सरसफाई क्षेत्रको अनुभव भएको उमेदवारलाई विशेष ग्राह्यता दिने ।

(२) देहायका व्यक्तिहरू कार्यकारी निर्देशक पदमा नियुक्तिको लागि अयोग्य मानिने छन् :-

(क) नैतिक पतन देखिने फौज्दारी अभियोगमा सम्मानित अदालतबाट कसुरदार ठहरिएको ।

(ख) भविष्यमा सार्वजनिक निकायको सेवाको निमित्त अयोग्य ठहरिने गरि त्यस्तो सेवाबाट बर्खास्त गरिएको ।

(ग) दफा ३ बमोजिम योग्यता नपुगेको ।

(३) दरखास्त पेश गर्ने उम्मेदवार कुनै सरकारी वा गैर सरकारी संघ संस्थामा कार्यरत रहेको भए सम्बन्धित संस्थाकोNo Objection Letterदरखास्तसाथ पेश गर्नुपर्नेछ ।

४. छनौट-समितिको गठन:

(१) कार्यकारी निर्देशकको पदमा नियुक्तिको लागि उपयुक्त व्यक्तिको छनौट गरी सिफारिस गर्न बोर्ड अध्यक्ष सहित कार्य समितिका सम्पुर्ण पदाधिकारी रहेको एक छनौट-समिति रहनेछ ।

(२) छनौट-समितिको बैठक सम्बन्धी कार्यविधि छनौट-समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) छनौट-समितिले उम्मेदवार छनौटको शिलसिलामा कुनै निश्चित कामको लागि कुनै सदस्य वा सदस्यहरुको समुहलाई जिम्मेवारी दिन सक्नेछ ।

५ सूचना प्रकाशन र दरखास्त संकलन :

(१) बोर्डमा रिक्त रहेको कार्यकारी निर्देशकको पदमा नियुक्तिको सिफारिश गर्नको लागि दफा ३ बमोजिमको योग्यता र अनुभव हासिल गरेका इच्छुक व्यक्तिहरूमध्येबाट दरखास्त आह्वान गरिनेछ । सोको लागि कम्तीमा १५ दिनको समय दिई राष्ट्रिय स्तरको कुनै एक वटा दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) कार्यकारी निर्देशक पदको लागि उम्मेदवार बन्न चाहने व्यक्तिले उपदफा (१) बमोजिमको सूचनामा तोकिएको म्याद भित्र अनुसूची- १ बमोजिमको दरखास्त फाराम भरी सोही सूचनामा उल्लेखित स्थानमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दरखास्त फारम बुझाउँदा दरखास्त फारमको साथमा निम्न कागजातहरु अनिवार्य संलग्न गरेको हुनु पर्नेछ ।

अ) आफुले प्राप्त गरेका शैक्षिक योग्यताका प्रमाण पत्रका १ १ थान प्रतिलिपीहरु

आ) नागरिकता प्रमाण पत्रको प्रतिलिपी १ थान

इ) दरखास्त दस्तुर बुझाएको बैंक रसिद

ई) कार्यानुभवका प्रमाण पत्रहरुको १ १ थान प्रतिलिपीहरु

उ) तालिम हासिल गरेका १ १ थान प्रतिलिपीहरु

६ पुन: सूचना प्रकाशन गर्नुपर्ने:

(१) दफा ५ बमोजिम प्रकाशित सूचनाको म्यादभित्र तीनवटा भन्दा कम दरखास्त परेमा उप- समितिले पर्न आएका दरखास्तलाई कायमै राखी दश दिनको थप म्याद दिई पुन: राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पुन: सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्दा समेत थप दरखास्त पर्न नआएमा दफा ५ बमोजिम प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका दरखास्तका सम्बन्धमा कार्यकारी समितिको निर्णय बमोजिम हुनेछ ।

७. कार्यकारी निर्देशक पदमारही गर्नुपर्नेकार्य विवरण :

(१) भरतपुर खानेपानी व्यवस्थापन बोर्डको कार्यकारी निर्देशक पदमा रहीगर्नुपर्ने कार्यहरुको विवरण (TOR)अनुसूची ४ (चार) मा उल्लेख गरिएको अतिरिक्त कार्यकारी समितिले तोकेबमोजिम हुनेछ ।

(२) कार्यकारी निर्देशक पदमा नियुक्त हुने कर्मचारीको अन्य सेवा, सुविधा र शर्तहरु बोर्डको प्रचलित नियमानुसार हुनेछ ।

(३) कार्यकारी निर्देशक पदको पदावधिनियुक्ति भएको मितिले (५) पाँच वर्षको हुनेछ ।

८. कार्यकारी निर्देशक पदको मूल्याङ्नको आधार

(१) भरतपुर खानेपानी व्यवस्थापन बोर्डको कार्यकारी निर्देशक छनौट तथा नियुक्तिका लागि विभिन्न चरणहरुमा लिईने परीक्षण विधिहरुको कुल पूर्णाङ्क दुई सय पचासको हुनेछ । कुल पूर्णाङ्कलाई देहायमा उल्लेख गरिए अनुसारका उप-शिर्षकहरुका अङ्कभार आधारमा मुल्याङ्कन गरिनेछ । शैक्षिक योग्यता, कार्यानुभव, तालिम, कार्यपत्र लेखन, व्यवसायिक कार्य योजना प्रस्तुतीकरण र अन्तर्वार्ताकोमुल्याङ्कनका आधारमा प्रदान गर्ने अङ्कभार देहायअनुसार हुनेछ ।

क्र.स.	परीक्षण विधि	मुल्याङ्कनको लागि अङ्क भार
क)	शैक्षिक योग्यता	तिसअङ्क
ख)	तालिम	दशअङ्क
ग)	कार्यानुभव	साठी अङ्क
घ)	कार्यपत्र लेखन	सय अङ्क
ङ)	व्यवसायिक कार्य योजना	तीस अङ्क
च)	अन्तर्वार्ता	बीस अङ्क

उल्लेखित आधारहरुमा प्रदान गरिने अङ्कको विस्तृत बाँडफाँड यसै कार्यविधिको अनुसूची २ र ३ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

(२) छनौट-समितिले दफा ८ को उपदफा १ क),ख),ग) र घ) अनुसार मुल्याङ्कनका आधारमा मुल्याङ्कन गर्दा बढी अङ्क प्राप्त गर्ने बढीमा पाँच जना उम्मेदवारहरुको नाम व्यवसायिक योजना प्रस्तुती र अन्तर्वार्ताका लागि छनौट गरिनेछ ।

(३) पाँच जना भन्दा कम उम्मेदवार समावेश भएमा समेत छनौट प्रकृयामा कुनै बाधा पर्ने छैन ।

९ कार्यपत्रलेखन, योजना प्रस्तुति रमूल्याङ्कन सम्बन्धि कार्यविधि :

कार्यपत्र लेखन, योजना प्रस्तुति र मूल्याङ्कन सम्बन्धि कार्यविधि देहाय बमोजिम हुनेछ,

क) दफा ८ बमोजिम प्रकाशन गरिएको संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुलाई तोकिएको मिति र समयमा कार्यपत्र लेखनका लागि सूचीत गरिनेछ । बोर्डद्वारा उपलब्ध गराईएको उत्तरपुस्तिकामा नेपाली वा अङ्ग्रेजी भाषामा कार्यपत्र लेखी पेश गर्नुपर्नेछ । तोकिएको मिति र समयमा अनुपस्थित हुने उम्मेदवारलाई कार्यपत्र लेखनको लागि अर्को अवसर दिईनेछैन । परीक्षा सञ्चालन सम्बन्धि अन्य कुराहरु बोर्डको पदपूर्ति सम्बन्धमा रहेको व्यवस्था अनुसार हुनेछ ।

ख) प्राप्त कार्यपत्रहरु कोडीङ्ग गरि विज्ञबाट परीक्षण गराईनेछ । कोडीङ्ग गर्ने कार्यका लागि समितिले सो विषयमा अनुभव भएका व्यक्तिहरुको सेवा लिन सक्नेछ ।

ग) यसरी विज्ञबाट परीक्षण गर्दा कार्यपत्रमा कुनै अङ्क वा सङ्केत प्रदान नगरी कार्यपत्र साथ उपलब्ध गराईएको लब्धाङ्क फारममा प्राप्ताङ्क भर्नु पर्नेछ । कार्यपत्रका साथ मुल्याङ्कनका आधार समेत उपलब्ध गराईनेछ ।

१०. व्यवसायिक योजना प्रस्तुति र अन्तरवार्ताको लागि उम्मेदवारहरुको छनौट:

(१) व्यवसायिक योजना प्रस्तुतिका लागि प्रत्यक उमेदवारलाई २० मिनेटको समय प्रदान गरिनेछ । निजको प्रस्तुति समाप्त भएपछि प्रस्तुतिको मुल्याङ्नका लागि उप-समितिका पदाधिकारी र विज्ञले प्रस्तुतिसग सम्बन्धित विषयमा अन्तरक्रिया र मुल्याङ्नका लागि १५ (पन्ध्र) मिनेटको समय छुट्याईनेछ ।

(२) व्यवसायिक योजना प्रस्तोताले पावर प्वाइन्ट प्रयोग गरि (बढिमा २० स्लाइड सम्म) आफ्नो योजना प्रस्तुत गर्नु पर्नेछ ।

(३) व्यवसायिक योजना प्रस्तोतालेनेपाली र अङ्ग्रेजी भाषामा व्यवसायिक योजना लेख्न र प्रस्तुत गर्न सक्नेछ । उक्त योजनाको कम्प्युटर प्रिन्ट समेत पेश गर्नु पर्नेछ ।

(४) मुल्याङ्नकर्ताले गोप्य तरिकाले मुल्याङ्न गरेको प्रत्येक मुल्याङ्न सिटको पछाडीपट्टि सबै मुल्याङ्नकर्ताहरुको सहीछाप गरि मुल्याङ्न गर्ने कार्य सकिनासाथ शिलबन्दी गरि छनौट समितिका संयोजकको जिम्मामा राखिनेछ ।

(५) छनौट-समितिले व्यवसायिक योजना मुल्याङ्नका लागि दफा ११ बमोजिमतयार गरेको विज्ञहरुको रोष्टरबाट बोलाउनेछ ।

(६) छनौट-समितिले व्यवसायिक योजना प्रस्तुतिको मुल्याङ्नका र अन्तर्वार्ताका लागि विज्ञहरुको सूचीबाट बढिमा तीनजना विज्ञहरु गोप्य तरिकाले एक दिन अगाडि छनौट गरि आमन्त्रण गर्नेछ ।

(७) व्यवसायिक योजना प्रस्तुति तथा अन्तर्वार्ताका लागि छनौटमा परेका उम्मेदवारहरुले अन्तर्वार्ताका दिन आफुले प्राप्त गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु,कार्यानुभव र तालिमबबाट हासिल गरेका प्रमाणपत्रहरु र नेपाली नागरिकताको प्रमाणपत्रका सक्कलै प्रतिहरु साथमा लिई उपस्थित हुनुपर्नेछ ।

(८) संक्षिप्त सूचीको छनौटमा परेका उम्मेदवारहरुको कार्यपत्र, व्यवसायिक योजना प्रस्तुतीकरण र अन्तर्वाताको मुल्याङ्न गर्दा अनुसूची ३ (तीन)मा उल्लेख गरिए अनुसारका आधारहरुमा मुल्याङ्न गरिनेछ ।

(९) मुल्याङ्न गर्ने प्रत्येक मुल्याङ्नकर्ता सदस्यहरुले अलग अलग फारममा मुल्याङ्न गर्नु पर्नेछ । अन्तर्वार्ता समाप्त हुने बित्तिकै उपस्थित सबैको रोहवरमा शिलबन्दी गरि सो खामको बाहिर विज्ञ लगायत अन्तर्वार्तामा सामेल सबै सदस्यहरुले सहीछाप गर्नु पर्नेछ ।

(१०) व्यवसायिक प्रस्तुतिको मुल्याङ्न वा अन्तर्वार्तामा सलग्न कुनै मुल्याङ्नकर्ताले सत्तरी प्रतिशत भन्दा बढि र तीस प्रतिशत भन्दा कम अङ्क प्रदान गरेको अवस्थामा स्पष्ट आधार र कारण खुलाउनु पर्नेछ, त्यसरी प्रदान गरेको अङ्क पचास प्रतिशत भन्दा बढि मुल्याङ्नकर्ताहरुले प्रदान गरेको भएमा मात्र मान्य हुनेछ । अन्यथा बढिमा सत्तरी प्रतिशत र घटीमा तीस प्रतिशत नै अङ्क मानेर गणना गरिनेछ ।

(११) कार्यपत्र र अन्तर्वार्ताका सम्बन्धमा उप-समितिले मिति, समय र स्थान तोकेर सम्बन्धित उम्मेदवारहरुलाई कम्तिमा पाँच दिन अगावै सूचना दिइनेछ। फोन, एस.एम.एस.,पत्र वा ई-मेल मार्फत उमेदवारहरुलाई सूचना गर्नु पर्नेछ ।

११. विज्ञको सूची तयार गर्ने:

(१) उप-समितिले कार्यकारी निर्देशकको लागि दरखास्त पेश गरिसक्नु पर्ने अन्तिम मिति अगावै उम्मेदवारहरुले तयार गरेको कार्यपत्र, व्यवसायिक योजना तथा सो को प्रस्तुतीकरण र अन्तर्वार्ताको मुल्याङ्न गर्ने कार्यका लागि आवश्यकता अनुसार विज्ञहरुको सूची तयार गर्नेछ । त्यस्तो सूचीमा इन्जिनियरिङ्ग, व्यवस्थापन, चार्टर एकाउन्टेन्सि,अर्थशास्त्र क्षेत्रका कम्तिमा तीन (३) जना विशेषज्ञहरु रहने छन ।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्दा शैक्षिक योग्यता, सम्बन्धित क्षेत्रको अनुभव र व्यवसायिक दक्षताका आधारमा तयार गर्नु पर्नेछ ।

११. नियुक्तिका लागि सिफारिस: (१) अन्तरवार्ता समाप्त हुने बित्तिकै उप-समितिका पदाधिकारीहरुले उम्मेदवारको योग्यता तथा अनुभव , तालिम, कार्यपत्र लेखन र व्यवसायिक योजना प्रस्तुतिकरण तथा अन्तर्वार्तामा प्रदान

गरिएको अङ्क राखिएको शिलवन्दी खामहरु खोली अलग अलग शिर्षक वापतको अङ्क जोडी सबभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई सफल उम्मेदवार र दोस्रो हुनेलाई वैकल्पिक उम्मेदवार सिफारिस गरी नियुक्तिका लागि बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

१२. कार्यकारी निर्देशक नियुक्ति सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार कार्यकारी समितिमा रहनेछ । अन्तिम निर्णय पश्चात सम्बन्धित व्यक्तिको जानकारीको लागि सूचना समेत प्रकाशन गर्नु पर्नेछ ।

१३. यो कार्यविधिको प्रयोग गर्दा कुनै द्विविधा भएमा कार्यकारी समितिको निर्णय अन्तिम हुनेछ ।

४. उम्मेद्वारको दरखास्त वापत परीक्षा दस्तुर रु.२,०००।- (दुई हजार मात्र) कायम गरिएकोछ ।

अनुसूची -१

(दफा५(२) संग सम्बन्धित)

भरतपुर खानेपानी व्यवस्थापन बोर्ड

भरतपुर, चितवन

कार्यकारी निर्देशक पदको लागि दरखास्त फारम

क. व्यक्तिगत विवरण:

१ उम्मेदवारको नाम, थर: .....

२. जन्म मिति:ई.सं. वि.सं.

वर्ष	महिना	गते

३. स्थायी ठेगाना

जिल्ला	म. न.पा. वडा
मोबाइल नं.	ई-मेल

४. स्थायी ठेगाना

जिल्ला	म. न.पा. वडा
मोबाइल नं.	ई-मेल

५. नागरिकता

नागरिकता लिएको जिल्ला र मिति	नागरिकता नं.

६. पति/पत्नीको नाम थर

नाम, थर

७. सम्पर्क फोन, ई-मेल .....

ख. शैक्षिक योग्यता सम्बन्धि विवरण:

शैक्षिक संस्थाको नाम र ठेगाना	हासिल गरेको उपाधि	अध्ययन गरेको वर्ष		कैफियत
		बाट	सम्म	

ग सम्बन्धित क्षेत्रमा कार्यानुभवको विवरण:

संस्था / निकायको नाम र ठेगाना	कार्य अवधि		मुख्य उत्तरदायित्व	कैफियत
	वाट	सम्म		

घ. तालिमको विवरण:

तालिम दिने संस्थाको नाम र ठेगाना	तालिमको विषय	तालिमको अवधि	कैफियत

ङ. उम्मेदवार यदि कुनै निकायमा कार्यरत रहेको भए, कार्यकारी निर्देशकको पदमा दरखास्त दिन सहमति प्रदान गरेको सम्बनिधत निकायको पत्र र

च. माथि उल्लेखित मेरो व्यक्तिगत विवरण ठिक साँचो छ । झुट्टा ठहरिएमा यसै विवरणको आधारमा बदर गरिएमा म कुनै किसिमको उजुरवाजुर गर्ने छैन ।

मिति:.....

दरखास्तवालाको हस्ताक्षर:

.....

नोट: दरखास्तको साथमा सूचनामा उल्लेखित कागजातका छायाप्रतिहरु अनिवार्य संलग्न गर्नु पर्नेछ ।

अनुसूची-२

(दफा ८ संग सम्बन्धित)

कार्यकारी निर्देशक पदको उम्मेदवार छनौटको लागि शैक्षिक योग्यता, अनुभव र तालिम बापत अंक प्रदान गर्ने आधार

पूर्णाङ्क: १००

उत्तिर्णाङ्क: ६०

क.सं	विवरण	पूर्णाङ्क	अङ्क भार
१	शैक्षिक योग्यता तथा तालिम	४०	
१.१	मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग, व्यवस्थापन, वित्त, बाणिज्यशास्त्र, कानुन, जनप्रशासन वा अर्थशास्त्र विषयमा स्नातकोत्तर उपाधि हासिल	२०	
१.१.१	प्रथम श्रेणी वा सो भन्दा माथि		२०
१.१.२	सामान्य रुपमा उत्तिर्ण		१५
१.२	मान्यता प्राप्त शिक्षण संस्थाबाट इर्नजनियरिङ्ग, व्यवस्थापन, वित्त, बाणिज्यशास्त्र, कानुन, जनप्रशासन वा अर्थशास्त्र विषयमा स्नातक उपाधि हासिल	१०	
१.२.१	प्रथम श्रेणी वा सो भन्दा माथि		१०
१.२.२	सामान्य रुपमा उत्तिर्ण		५
१.३	तालिम	१०	१०
	सम्बन्धित विषयहरुमा पाँच हप्ता भन्दा बढि र सात हप्ता अवधि सम्मको तालिम हासिल		४
	सम्बन्धित विषयहरुमा सात हप्ता भन्दा बढि अवधिको तालिम हासिल		७
	सम्बन्धित विषयमा कुनै तेश्रो मुलुकमा आयोजना भएको कम्तिमा एक हप्ता भन्दा बढि अवधिको तालिम (Exposur Training) हासिल		३
२	सम्बन्धित क्षेत्रको कार्यानुभव		
२.१	सामान्य अनुभव	२५	
२.१.१	व्यवस्थापन, वित्त व्यवस्थापन वा आयोजना तथा पूर्वाधार निर्माण सम्बन्धि आयोजनाहरु (सरकारी वा अन्य संगठित संस्था) मा अधिकृत सरहको पदमा रही कम्तिमा पाँच वर्षको कार्यानुभव		१५
२.१.२	पाँच वर्ष भन्दा माथि दश वर्ष सम्मको अनुभव बापत प्रत्यक वर्षको लागि बाँकि दश अङ्कलाई समानुपातिक तवरले विभाजन गरि मुल्याङ्कन गर्ने		१५-२५
२.२	विशेष कार्यानुभव	३५	
२.२.१	खानेपानी वितरण व्यवस्थापन र खानेपानी वितरण आयोजनाहरु (सरकारी वा अन्य संगठित संस्था) मा अधिकृत सरहको पदमा रहि डिजाईन स्टिमेट तयारी तथा निर्माण कार्यहरुको अनुगमन र सुपरिवेक्षण सम्बन्धि काममा व्यवस्थापकिय वा परामर्शदाताको कम्तिमा पाँच वर्षको कार्यानुभव		१५
	खानेपानी वितरण व्यवस्थापन र खानेपानी वितरण आयोजनाहरु (सरकारी वा अन्य संगठित संस्था) मा अधिकृत सरहको पदमा रहि डिजाईन स्टिमेट तयारी तथा निर्माण कार्यहरुको अनुगमन र सुपरिवेक्षण सम्बन्धि काममा व्यवस्थापकिय वा परामर्शदाताको अनुभव बापत प्रत्यक वर्षका लागि १ (एक) अङ्का दरले अधिकतम १० (दश) अङ्क		१५-२५
३	विभिन्न सरकारी वा संगठित संस्थामा रही स्रोत परिचालन वा वित्त व्यवस्थापन पदमा रही कम्तीमा पाँच वर्षको अनुभव		५
३.१	विभिन्न सरकारी वा संगठित संस्थामा रही स्रोत परिचालन वा वित्त व्यवस्थापन पदमा रही कम्तीमा पाँच देखी दश वर्षको अनुभव		५-१०
	कुल जम्मा	१००	

अनुसूची- ३

(दफा ८ सग सम्बन्धित)

कार्यकारी निर्देशक पदको उमेदवार छनौटका लागि कार्यपत्र प्रस्तुति, व्यवसायिक योजना र अन्तर्वार्तामा अङ्क प्रदान गर्ने आधार

क	कार्यपत्र मूल्याङ्कनको आधार:	१०० अङ्क
	(१) अवधारणाको स्पष्टता	२०अङ्क
	(२) तथ्य परक सूचना	१०अङ्क
	(३) विश्लेषण एवं तार्किकता	२० अङ्क
	(४) सृजनशील क्षमता	२० अङ्क
	(५) समस्याको पहिचान र सुधारका सुझावहरु	२०अङ्क
	(६) लेखनशैली	१०अङ्क
ख	व्यवसायिक योजनाको मूल्याङ्कनको आधार:	३०अङ्क
	(१) अवधारणाको स्पष्टता	६अङ्क
	(२) आत्मविश्वास	६ अङ्क
	(३) कृया प्रतिकृयामा दक्षता	६ अङ्क
	(४) प्रस्तुतिकरणको शैली	६ अङ्क
	(५) समयको व्यवस्थापन	६ अङ्क
ग	अन्तर्वार्ताको मूल्याङ्कनको आधार:	२० अङ्क
	(१) विषयवस्तुको ज्ञान	६अङ्क
	(२) व्यक्तित्व	४ अङ्क
	(३) सिर्जनशील क्षमता	४ अङ्क
	(४) प्रस्तुति र शुद्धता	४ अङ्क
	(५) आत्मविश्वास	२ अङ्क

अनुसूची- ४

(दफा ७ संग सम्बन्धित)

कार्यकारी निर्देशकले पदमा रही गर्नुपर्ने कार्य विवरण :

खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा १८ अनुसार कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१ कार्यकारी समितिको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने

२ बोर्डको अल्पकालीन तथा दीर्घकालीन योजना, वार्षिक कार्यक्रम र बजेट तयार गर्ने गराउने

३ कार्यकारी समितिबाट स्वीकृत कार्यक्र कार्यान्वयन गराउने

४ बोर्डको लागि कर्मचारी नियुक्तिका लागि कार्यकारी समिति समक्ष सिफारिस गर्ने

५ कार्यकारी समितिबाट स्वीकृत हुनु पर्ने प्रस्तावहरु समिति समक्ष पेह गर्ने

६ तोकिए बमोजिमकम अन्य काम गर्ने

यसका अतिरिक्त, भरतपुर खानेपानी व्यवस्थापन बोर्ड नियमावलि, २०६६ मा उल्लेख भए बमोजिम निजको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

१ सेवा प्रदायकले उपलब्ध गराई रहेको सेवाको अनुगमन गर्ने

२ अनुगमन बाट प्राप्त विवरणको आधारमा प्रतिवेदन तयार गरि कार्यकारी समिति समक्ष पेश गर्ने

३ बोर्डको प्रशासकिय प्रमुखको रुपमा बोडूको सामान्य प्रशासन तथा बोर्डका कर्मचारीहरुको प्रशासनिक नियन्त्रण गर्ने

४ बोर्डको स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रहि आवश्यक रकम खर्च गर्ने

५ बोर्डको कोषको आन्तरिक नियन्त्रणको उचित प्रबन्ध गर्ने

६ बोर्डको कोष सञ्चालन कार्यविधि तथार गरि स्वीकृतिको लागि कार्यकारी समितिमा पेश गर्ने

७ बोर्डको वार्षिक प्रतिवेदन तयार गरि कार्यकारी समिति समक्ष पेश गर्ने

८ खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ वा भरतपुर खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०६६ को अधिनमा रहि बोर्डका कर्मचारीको सेवाका शर्त सम्बन्धि निर्देशिका तयार गरि स्वीकृतिको लागि कार्यकारी समिति समक्ष पेश गर्ने

९ बोर्डको नीति तयार गरि स्वीकृतिको लागि कार्यकारी समिति समक्ष पेश गर्ने

१० नेपाल सरकारले समय समयमा दिएको निर्देशनको कार्यान्वयन गर्ने गराउने